# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २२] काठमाडौं, आश्विन २९ गते २०२९ साल [अतिरिक्ताङ्क ३६

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय राजदरबारको

### सूचना

राष्ट्रिय पञ्चायतको सदस्यहरूको आचरणसम्बन्धी उजूरी हेर्ने आयोगले श्री आङ-दण्डी लामाले आफ्नो पदअनुसारको आचरण नगरेको ठहर गरी श्री ५ महाराजाधिराजका हजूरमा जाहेर गरेको प्रतिवेदनमा मौसूफबाट स्वीकृति बक्सेकोले नेपालको संविधानको धारा ३८ (२) अनुसार राष्ट्रिय पञ्चायतको सदस्यताबाट निष्काशित हुनुभएको श्री आङदण्डी लामाले आफ्नो भूल स्वीकार गरी माफी पाउँ भनी श्री ५ महाराजाधिराजका हजूरमा विन्तिपत्र चढाउनुभएको मौसुफका हजूरमा जाहेर हुँदा, नेपालको संविधानको धारा ३५ को प्रतिवन्धात्मक वाक्यांशअनुसार राष्ट्रिय पञ्चायतको आगामी निर्वाचनको तात्पर्यको लागि श्री लामाले निर्वाचनमा लड्न पाउने गरी वन्देज फुकाइदिइबक्सेको छ ।

हुकुमबक्सेबमोजिम<br>
मि. सु. ईश्वरीमान श्रेष्ठ<br>
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।

२६०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

25

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।